# प्रदेश सभाको बैठकमा

## २०७६ साल आषाढ १ गते आईतबार आर्थिक मामिला तथा योजना मन्त्री विजय कुमार यादवले प्रस्तुत गर्नु भएको

**आर्थिक वर्ष २०७६/०७७ को**

बजेट वक्तव्य

प्रदेश सरकार
प्रदेश नं.२
आर्थिक मामिला तथा योजना मन्त्रालय
जनकपुरधाम, धनुषा
२०७६

**माननीय सभामुख ज्यू**

**प्रदेश सभाका माननीय सदस्यज्यूहरु।**

१. प्रदेश नं. २ का जनताको प्रतिनिधिमूलक यस सभामा आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभुति भएको छ। दोश्रो पूर्ण अवधिको बजेट प्रस्तुत गरिरहदा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गरेका जनआन्दोलन, सशस्त्र संघर्ष, पटक पटकको मधेश आन्दोलनको गौरवपूर्ण इतिहासप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु। साथै मधेश आन्दोलन लगायत नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा सहादत प्राप्त गरेका सबै शहीद प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। द्वन्द्वको क्रममा वेपत्ता पारिएका सबै नागरिकको सत्य तथ्य विवरण सहित उचित राहत र परिपुरणको व्यवस्था हुन सकोस भन्ने शुभकामना व्यक्त गर्दछु। आन्दोलनका क्रममा आफ्नो सदस्य गुमाएका शहीद परिवार वेपत्ता पीडित र अंगभंग भई कठिन जीवनयापन गरिरहनु भएका नागरिकहरुप्रति श्रद्धापूर्वक नमन गर्दै वहाँहरुको त्याग र बलिदानप्रति कृतज्ञता व्यक्त गर्दछु।

२. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेख भएको प्रदेशको एकल तथा साझा अधिकारहरुको सूची, नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व, पन्ध्रौ आवधिक योजना, प्रदेश नं. २ को प्रथम आवधिक योजनाले अंगिकार गरेको उद्येश्य, लक्ष्य, नीति र कार्यक्रमहरु, प्रदेश सरकारको आ.ब. २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रमहरु दीगो विकासको लक्ष्य, पूर्व बजेट छलफलका क्रममा प्रदेश सभा माननीय सदस्यज्यूहरुले प्रदान गर्नु भएका रचनात्मक सुझावहरु, विभिन्न विद्वान तथा सरोकारवालाहरुबाट प्राप्त राय सुझाव तथा चालु आर्थिक वर्ष

२०७५।०७६ को बजेटमा उल्लेख भएका महत्वपूर्ण कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमाको प्रमुख मार्गदर्शनको रुपमा लिएको छु ।

३. सुशासन, दीगो शान्ति, विकास र सम्बृद्धि प्रति जनताको तीव्र आकांक्षा र उपलब्ध सीमित स्रोत र साधनको कुशलतापूर्वक परिचालन गरी वान्छित नतिजा हासिल गर्ने कार्य चुनौतिपूर्ण भए पनि आवश्यक संस्थागत र व्यवस्थापकीय प्रवन्ध गर्दै यो सरकार अघि बढीरहेको व्यहोरा सबैमा अनुरोध गर्न चाहन्छु।

४. आगामी आर्थिक वर्षमा तिनै तहका सरकारका बीच वित्तीय संघीयताको कुशल अभ्यास मार्फत सहकारिता, समन्वय र सहअस्तित्वको भावनालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप संस्थागत र मजबुत बनाउदै लैजान नीतिगत निरन्तरता रहने कुरामा विश्वास व्यक्त गर्न चाहन्छु।

५. यस प्रदेशलाई देशकै अब्बल बनाउन प्रदेशमा उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यबाट उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीका अवसरहरुको सिर्जनाबाट आयआर्जन र प्रदेशका जनताको जीवनस्तरमा सुधार गर्न योजनाबद्ध विकासको अवधारणालाई आत्मसात गर्दै आगामी आर्थिक वर्ष देखि लागु हुने गरी प्रथम आवधिक योजना (२०७६/०७७-२०८०/०८१) को कार्यान्वयन गरिनेछ। यसबाट प्रदेशभित्र तिनै तहका सरकारहरुबाट हुने सरकारी क्रियाकलाप एवं खर्चका बीच तादाम्यता कायम गरी दीगो विकासको लक्ष्य प्राप्त हुने अपेक्षा लिएको छु।



**माननीय सभामुख महोदय,**

६. अब म प्रदेश नं. २ को समष्टिगत आर्थिक अवस्थाको बारेमा संक्षिप्तमा प्रकाश पार्न अनुमति चाहन्छु।

७. चालु आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ता मुल्यमा ४ खर्ब ४४ अर्ब ४९ करोड पुग्ने अनुमान गरिएको छ । जसमध्ये कृषि क्षेत्रको योगदान ३९.९४ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ६०.०६ प्रतिशत भएको प्रारम्भिक अनुमान गरिएको छ ।

८. बृहत् औद्योगिक समूह अनुसार प्राथमिक क्षेत्रले कुल गार्हस्थ उत्पादनमा ४० प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान गरिएको छ।त्यस्तै द्वितीयक क्षेत्रको कुल गार्हस्थ उत्पादनमा जम्मा १३ प्रतिशत योगदान रहने छ।सेवा क्षेत्रले कुल गार्हस्थ उत्पादनमा ४७ प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

९. चालु आर्थिक वर्षमा यस प्रदेशको आर्थिक बृद्धिदर ६.५ प्रतिशत रहने प्रारम्भिक अनुमान प्रस्तुत गर्न चाहन्छु । अन्य प्रदेशसँग तुलना गर्दा यो प्रदेशको स्थान चौथो रहेको छ ।

१०. कृषि क्षेत्रको उत्पादन बृद्धि चालु आर्थिक बर्षमा उल्लेख्य रुपमा बृद्धि हुने अनुमान गरेको छु । राजनैतिक स्थीरताबाट उपयुक्त औद्योगिक वातावरण कायम हुन गएको कारण यस प्रदेशका उद्योगहरुबाट हुने उत्पादनमा बृद्धि हुने तथा स्थानीय तह र प्रदेश सरकार समेतले भौतिक पूर्वाधार क्षेत्रमा गरेको खर्चबाट गैरकृषि क्षेत्रको योगदानमा समेत बृद्धि हुने अपेक्षा लिएको छु । त्यस्तै पर्यटक आवागमनमा भएको बढोत्तरी र खुद्रा व्यापार तथा वित्तीय संस्थाहरुको कारोबारमा भएको बृद्धिले सेवा क्षेत्रको योगदान समेत बढ्ने देखिएको छ ।

११. बैंक तथा बीमा र वित्तीय सेवाको पहुँच बढ्दै गएको छ । गत बर्ष विभिन्न बैंक तथा बित्तीय संस्थाहरुको जम्मा ३३२ वटा शाखा

मार्फत सेवा प्रवाह भएकोमा चालु आर्थिक वर्षमा उक्त सँख्या बढेर कुल ४९९ पुगेको छ । यस प्रदेशका १३६ स्थानीय तहहरु मध्य २०७५ को फाल्गुन मसान्तसम्म जम्मा १३४ स्थानीय तहहरुमा वित्तीय सेवा पुगेको छ । दुई तहहरुमा अझैसम्म हालसम्म पनि सरकारी कारोबार गर्ने बैंकहरु सञ्चालन हुन सकेको छैन ।

१२. चालु आर्थिक वर्ष २०७५।०७६ मा संकलन भएको कुल निक्षेप मध्ये यस प्रदेशको योगदान ४.५२ प्रतिशत रहेको छ । जुन गत आ.ब.को तुलनामा ०.५२ प्रतिशतले बढी हो । कर्जा प्रवाह तर्फ गत आर्थिक वर्षमा ८ प्रतिशत योगदान रहेकोमा यस आर्थिक वर्षमा बढेर ८.७९ प्रतिशत पुगेको छ ।

१३. नेपालमा दर्ता रहेको कूल ७ हजार ८ सय ३२ उद्योगहरु मध्ये यस प्रदेशमा ५ सय २२ वटा रहेका छन्, जसमा करिब ५५ हजार मानिसहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।

१४. वैदेशिक लगानी भएका उद्योगहरुको दर्ता संख्या राष्ट्रिय रुपमा ४६९६ रहेकोमा यस प्रदेशमा १ सय ४७ वटा रहेका छन्।उद्योगमा भएको वैदेशिक लगानीका हिसावले यो प्रदेश तेस्रो स्थानमा रहेको छ।

१५. चालु आर्थिक वर्षमा कुल सरकारी खर्च रु.२९ अर्ब ७८ करोड ६९ लाखमध्ये जम्मा रु. ९ अर्ब १८ करोड ११ लाख सशर्त अनुदान वापत प्राप्त हुने अनुमान गरिएकोमा जम्मा रु. ९ अर्ब ९० करोड ४१ लाख प्राप्त हुने संशोधित अनुमान पेश गरेको छु। यसमा वैदेशिक सहायता अनुदान तर्फ रु.४१ करोड २० लाख र ऋण तर्फ रु. २ अर्ब १० करोड ७१ लाख प्राप्त हुने संशोधित अनुमान पेश गर्न चाहन्छु। चालु आर्थिक वर्षमा आन्तरिक ऋण रु. १ अर्ब परिचालन गर्ने लक्ष्य लिएकोमा प्रदेश सरकारले ऋण नलिएको जानकारी यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु।



१६. चालु आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान वापत रु ७ अर्ब १ करोड ६१ लाख, राजस्व बाँडफाँटबाट ८ अर्ब ५२ करोड ८७ लाख ३८ हजार र संघीय सशर्त अनुदान वापत रु ९ अर्ब १८ करोड ११ लाख प्राप्त हुने अनुमान गरिएको छ । त्यस्तै विशेष अनुदान वापत रु ६८ करोड ७६ लाख ९८ हजार तथा समपुरक अनुदान तर्फ रु ४४ करोड प्राप्त भएको छ ।

१७. आन्तरिक राजस्व परिचालन तर्फ रु ६ अर्ब ७३ करोड संकलन हुने अनुमान गरेको छु।

१८. प्रदेश आर्थिक कार्यविधि ऐन् २०७४ को दफा १३ को उपदफा २(ख) बमोजिम मध्यमकालीन खर्च संरचना पेश गरेको छु । यसबाट प्रदेश सरकारको त्रिवर्षीय श्रोतको आंकलन गरी योजनाको प्राथमिकताको क्षेत्रमा ३ बर्षको मध्यम अवधिको लागि उपलब्ध श्रोतको बाँडफाट गर्ने खाका प्रस्तुत हुने विश्वास लिएको छु ।

**माननीय सभामुख महोदय,**

१९. अब म चालु आर्थिक वर्षको प्रदेशको सामाजिक स्थितिको बारेमा जानकारी गराउन अनुमति चाहन्छु।

२०. नेपालको निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ प्रतिशत रहेकोमा यस प्रदेशको १९.८ प्रतिशत रहेको छ। प्रदेशहरुको तुलनामा यो प्रदेश पाँचौ स्थानमा रहेको देखिन्छ।

२१. देशको औसत बेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा यस प्रदेशको २०.१ प्रतिशत रहेको छ, जो प्रदेशहरुमा सबैभन्दा उच्च हो।

२२. नेपालमा कुल ३५ हजार ५५ वटा विद्यालयहरु सञ्चालनमा रहेकोमा यस प्रदेशमा ४ हजार ४२ वटा रहेका छन्।

२३. राष्ट्रिय कुल साक्षरता दर ५९.६ प्रतिशत रहेकोमा यस प्रदेशको साक्षरता दर ४०.९ प्रतिशत रहेको छ, जुन प्रदेशहरु मध्ये सबै भन्दा अन्तिम स्थानमा रहेको छ।

२४. मानव विकास सूचकाङ्कमा नेपालको अवस्था ०.५७४ रहेकोमा यस प्रदेशको सूचकाङ्क ०.४८५ रहेको छ।

<u>सरकारको चुनौतिः</u>

सभामुख महोदय,

- यो सरकारका सामु मुख्य रुपमा निम्न चुनौतिहरु देखिएका छनः
- आम जनतामा संघीयताको मर्म अनुरुप आर्थिक, सामाजिक एवं राजनैतिक रुपान्तरण सहितको विकासको अनुभूति दिलाउने कार्य मुख्य चुनौतिको रुपमा रहेको छ,
- पूँजीगत खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी आर्थिक वृद्धि तथा आर्थिक विकास मार्फत समृद्ध प्रदेश निर्माण गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ,
- वितरणमुखी बजेटलाई निरुत्साहित गरी उत्पादनमूलक तथा प्रादेशिक गौरवका आयोजनामा रुपान्तरण गर्न चुनौति रहेको छ,
- उपलब्ध सीमित स्रोत साधनको कुशल व्यवस्थापन गरी अधिकतम प्रतिफल हासिल गर्न, विकास आयोजनाहरुको कुशलतापूर्वक कार्यान्वयन गर्न, सार्वजनिक खर्चमा वित्तीय अनुशासन मार्फत् समग्र शासन व्यवस्थामा सुशासन कायम राख्दै सरकार प्रतिको जनविश्वासलाई अझ मजवुत बनाउनु हामी सबैको साझा दायित्व रहेको छ।



**माननीय सभामुख महोदय,**

- अब म आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।
- कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी प्रदेशका जनताहरुको आय आर्जन र जीवनस्तरमा सुधार ल्याउने,
- सवल, सक्षम एवं प्रविधिमैत्री दक्ष जनशक्तिको विकास गर्ने,
- प्रदेशमा लगानीमैत्री बातावरणको सृजना गर्ने,
- आर्थिक क्रियाकलापमा तिब्रता ल्याउन भौतिक पूर्वाधारको विकास गर्ने,
- प्रदेशका नागरिकहरुलाई सुशासनको प्रत्याभूति गराउने।

२५. बजेटका उल्लिखित उद्देश्यहरु प्राप्त गर्न निम्न प्राथमिकता निर्धारण गरेको छुः

- गरीब, अतिविपन्न वर्ग तथा अल्पसंख्यक समुदायका लागि संरक्षणका कार्यक्रमलाई प्राथमिकता दिईनेछ।
- कृषि क्षेत्रको विकासको लागि परम्परागत कृषि प्रणालीको अन्त्य गर्दै आधुनिक एवं व्यवसायिक कृषि प्रणालीको अवलम्बन गरिनेछ।
- सरसफाई र स्वच्छता एवं महिला शिक्षा र सशक्तिकरणको लागि सुरुवात भएका अभियानलाई निरन्तरता दिदैं थप प्रभावकारी बनाइनेछ।
- स्वस्थ, सक्षम र उत्पादनशील जनशक्ति तयार पार्न गुणस्तरीय एवं व्यवसायिक शिक्षा, सरल, सुलभ र गुणस्तर स्वास्थ्य उपचार सेवाको प्रवन्ध मिलाइनेछ।

- सामाजिक, साँस्कृतिक, धार्मिक एवं ऐतिहासिक पर्यटकीय गन्तव्यको पहिचान र विकास तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरिनेछ।
- संघीय सरकार तथा स्थानीय सरकारको साझेदारीमा संचालन हुने पूर्वाधार विकास र सेवा प्रवाहसँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- प्रदेश गौरवका आयोजना पहिचान गरी यस क्षेत्रमा लगानी बढाइनेछ।
- प्रत्येक स्थानीय तहको केन्द्रसम्म कालोपत्रे प्रादेशिक सडक निर्माणलाई प्राथमिकता दिइनेछ।
- स्वच्छ पिउनेपानी र सरसफाईको सुविधा उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिइनेछ।

**माननीय सभामुख महोदय,**

<u>वित्तीय हस्तान्तरण</u>

अब म प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन अन्तर्गत स्थानीय तहहरुमा हुने विनियोजनको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।

२६. सशर्त अनुदानमा हस्तान्तरण हुने कार्यक्रम स्थानीय तहले नै निर्णय गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था मिलाएको छु। यसको निमित्त रु. १ अर्ब ११ करोड ५० लाख विनियोजन गरेको छु।

२७. स्थानीय तहहरुको खर्चको आवश्यकता, राजस्व परिचालन गर्न सक्ने क्षमता, स्थानीय तहहरुको आर्थिक, सामाजिक र अन्य असमानता तथा मानव विकास सूचकाङ्कको अवस्थाका आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सूत्र अनुसार स्थानीय तहहरुलाई यस आर्थिक वर्षमा रु.१ अर्ब समानीकरण अनुदान विनियोजन गरेको छु।

२८. स्थानीय तहको जनसंख्या, सडकको लम्बाई तथा हरियाली क्षेत्रलाई सवारी कर बाँडफाँटको आधारको रुपमा लिइएको छ। आगामी आर्थिक वर्षका लागि प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये प्रदेश र स्थानीय तहका बीच बाँडफाँट भै स्थानीय तहहरुले रु. ८० करोड प्राप्त गर्न सक्ने आँकलन गरेको छु।

२९. आगामी आर्थिक वर्ष देखि प्रदेश सरकारबाट स्थानीय तहहरुलाई कानुनी व्यवस्था अनुसार समपूरक र विशेष अनुदान प्रदान गर्न क्रमशः रु. ५० करोड र रु. ३६ करोड २० लाख गरी जम्मा रु. ८६ करोड २० लाख विनियोजन गरेको छु। यसबाट स्थानीय तहमा विकासको दृष्टिले पछि परेको क्षेत्र, वर्ग र समुदायलाई भौतिक र सामाजिक पूर्वाधार विकास एवं क्रियाकलापका माध्यमबाट प्रत्यक्ष लाभ पुग्ने विश्वास लिएको छु।

**माननीय सभामुख महोदय,**

अब म सामाजिक क्षेत्रसँग सम्बन्धित कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु।

<u>स्वास्थ्य</u>

३०. जनकपुर अञ्चल अस्पताललाई **प्रदेश नमुना अस्पतालका** रुपमा विकास एवं विस्तार गरिनेछ। भौतिक पूर्वाधार विकास गरी आवश्यक यन्त्र उपकरण जडान तथा अस्पतालको स्तरोन्नति गरिनेछ। यसको लागि रु.२३ करोड विनियोजन गरेको छु।

३१. प्रदेशका सबै जिल्ला अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ । यी अस्पतालहरुमा सुधार ल्याउन

आवश्यक प्रबन्ध मिलाइनेछ। यसका लागि रु. ३० करोड विनियोजन गरेको छु ।

३२. सप्तरीमा स्थापना हुन लागेको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना तथा निर्माणमा नेपाल सरकारसँग सहकार्य गरिनेछ।

३३. नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा सर्पको विष संकलन, प्रशोधन, उत्पादन गर्न Snake Hatchery उपयुक्त स्थानमा केन्द्र स्थापना गरी सर्प दंशको खोप बनाउन आवश्यक कच्चा पदार्थको संकलन गरिनेछ। उक्त केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणका लागि रु. १४ करोड ७१ लाख ३३ हजार विनियोजन गरेको छु।

३४. प्रतिव्यक्ति खाद्यान्नको उपलब्धताका दृष्टिले प्रदेशको अवस्था कमजोर रहेको छ। महिला तथा बालबालिकाहरुमा कुपोषणका कारणले हुने विभिन्न समस्याहरुको रोकथाम गर्न हाल कार्यान्वयनमा रहेको बहु-क्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ। उक्त कार्यक्रमको लागि रु २७ करोड ७५ लाख विनियोजना गरेको छु।

३५. यस प्रदेशमा जनसंख्या वृद्धिदर मुलुककै तुलनामा झण्डै दोब्बर रहेकोले जनसंख्या वृद्धिदर घटाउन, परिवार नियोजनको साधनको प्रयोगमा बढोत्तरी ल्याउन, महिलामा देखिने आंग खस्ने समस्या, प्रजनन स्वास्थ्य तथा लैंगिक हिंसा लगायतका विषयमा जनचेतना अभिवृद्धि गर्न एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रममा जोड दिएको छु। यसका लागि रु.१६ करोड ५ लाख १४ हजार बजेट विनियोजन गरेको छु।

३६. प्रदेशमा आवश्यक औषधीहरुको अभाव हुन नदिन समयमै औषधी खरिद, भण्डारण तथा वितरणको व्यवस्था मिलाइनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।



३७. आयुर्वेदिक, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य उपचार पद्धतिका विकासका लागि थप अध्ययन अनुसन्धान गरिनेछ। यसका लागि आवश्यक पर्ने जनशक्ति र सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

३८. योग, प्रणायाम एवं नैतिक शिक्षालाई जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्न **प्रदेश प्रमुख नैतिक शिक्षा अभियान** संचालन गरिनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३९. प्रदेशभित्रका जनकपुर, वीरगंज, राजविराज, जलेश्वर लगायतका स्थानहरुमा खेलकुद रंगशाला तथा खेलकुद मैदानको निर्माण कार्य गरिनेछ। यसका लागि रु.१२ करोड ८० लाख विनियोजन गरेको छु।

## शिक्षा

४०. आगामी आर्थिक वर्षमा प्राविधिक विश्वविद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

४१. विगत देखि सञ्चालनमा रहेको **'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ'** अभियानलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। छोरीलाई पनि पढाउनु पर्छ भन्ने भावनालाई सबैमा जागृत गराउन यो कार्यक्रम सफल भएको छ। यो अभियान सञ्चालन गर्नका लागि रु.३९ करोड ३३ लाख विनियोजन गरेको छु।

४२. छोरी शिक्षा मुद्दती योजना कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु। नेपाल सरकारको विशेष अनुदान सहायता अन्तर्गत हाल संचालनमा रहेको यो कार्यक्रमका लागि आगामी आर्थिक वर्षमा समेत नेपाल सरकारको रु.९० करोड वरावरको अनुदान सहायता परिचालन हुने अनुमान यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

४३. सामुदायिक विद्यालयमा कक्षा १ देखी ८ सम्म अध्यनरत आर्थिक रुपले विपन्न, दलित तथा मुस्लिम छात्राहरुका लागि मासिक रु ५०० का दरले विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। नेपाल सरकारको विशेष अनुदान सहायताबाट सञ्चालन हुने यो कार्यक्रमका लागि आगामी आर्थिक वर्षमा रु ४८ करोड विनियोजन गरेको छु।

४४. आगामी आर्थिक वर्षमा प्रत्येक निर्वाचन क्षेत्रमा एक सामुदायिक विद्यालयलाई प्राविधिक शिक्षालयको रुपमा स्तरोन्नति र संचालन गर्नको लागि रु.१६ करोड विनियोजन गरेको छु।

४५. समता, पहुँच र सहभागिताको आधारमा विद्यालय शिक्षाको सुदृढिकरण गरी यस प्रदेशको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी, दक्ष एवं प्रतिस्पर्धी नागरिकको विकास गर्ने नीति अनुरुप **विद्यालय क्षेत्र विकास कार्यक्रम** आगामी आर्थिक वर्षमा थालनी गरिनेछ। यसका लागि रु. ६ करोड ७१ लाख २३ हजार विनियोजन गरेको छु।

४६. प्रदेशका ८ वटै जिल्लामा एक सामुदायिक विद्यालय छनौट गरी **नमुना प्रादेशिक विद्यालयको** रुपमा विकास गरिनेछ। यसका लागि रु. १६ करोड विनियोजन गरेको छु।

४७. समाजमा विद्यमान रहेका वालविवाह, बोक्सी प्रथा, महिला हिंसा, दहेज प्रथा, छुवाछुत तथा जातिय र वर्गिय विभेद जस्ता सामाजिक कुरीति, कुसंस्कार, अन्धविश्वास तथा कुप्रथाहरु विरुद्ध जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। यस्ता सामाजिक अपराध विरुद्ध कानुनी कारवाही समेत गरिनेछ। समाजका विपन्न तथा गरिब, अल्पसंख्यक, पछाडी पारिएका वर्ग, असहाय, अशक्त, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला लगायतको संरक्षण र विकासका लागि बजेटको व्यवस्था गरेको छु।



४८. शिशु सदन स्थापना तथा संचालनका र प्रत्येक जिल्लामा बाल उद्यान निर्माणका लागि रु ५० लाख विनियोजन गरेको छु।

४९. आगामी आर्थिक बर्षमा प्रदेश रेडियो तथा प्रदेश मुद्रण छापाखाना स्थापना गरिनेछ। यसका लागि ४ करोड ९० लाख विनियोजन गरेको छु।

५०. राज्यको चौथो अङ्गको रुपमा रहेको प्रेस जगत तथा आम सञ्चार माध्यमलाई सम्मान गर्दै सञ्चारकर्मीको उत्प्रेरणाको लागि बजेट विनियोजन गरेको छु।

५१. जनकपुरधाम, मुजेलिया स्थित रहेको प्रशिक्षण प्रतिष्ठानलाई प्रदेश जनशक्ति क्षमता विकास केन्द्रको रुपमा स्तरोन्नती गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

## खानेपानी र सरसफाई

५२. प्रदेशका जनतालाई स्वच्छ तथा शुद्ध खानेपानी उपलब्ध गराउन विशेष योजना सञ्चालन गरिनेछ। चालु आर्थिक वर्षमा सम्भाव्यता अध्ययन भएका खानेपानी आयोजनाहरुको सञ्चालनका लागि आगामी आर्थिक वर्षमा आवश्यक रकम विनियोजन गरेको छु।

५३. **मूख्यमन्त्री स्वच्छता अभियान**लाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ। यस अभियान अन्तर्गत धार्मिक तथा सांस्कृतिक सम्पदाहरु, सार्वजनिक स्थल तथा जलाशयको सरसफाई तथा सौन्दर्यीकरण गरिनेछ। यसका लागि रु. ३१ करोड ३३ लाख विनियोजन गरेको छु।

५४. प्रदेश भित्रका सामुदायिक विद्यालयहरुमा बालिका शौचालय निर्माण गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु। सो कार्यका लागि रु.५ करोड विनियोजन गरेको छु।

५५. सुलभ शौचालय निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। साथै सार्वजनिक स्थल, हाट-बजार, मेला, पार्क जस्ता जनभेला हुने ठाउँमा स्थानीय तहको सहकार्यमा घुम्ती शौचालय सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छु। यसका लागि रु ५० लाख विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक क्षेत्रको कार्यक्रम तथा विनियोजनको प्रस्ताव गर्न अनुमति चाहन्छु।

<u>कृषि</u>

५६. कृषिलाई आधुनिकीकरण, औद्योगिकरण र व्यवसायिकरण गर्न कृषि यन्त्रको प्रयोगमा जोड दिइनेछ। स्थानीय तह र सहकारीसँगको सहकार्यमा Custom Hiring Centre को स्थापना गर्दै जाने नीति अनुरुप आगामी आर्थिक वर्षमा प्रत्येक जिल्लाको एक पालिकामा त्यस्ता केन्द्रहरुको स्थापना गरिनेछ। उक्त केन्द्रहरुको स्थापना र संचालनका लागि रु. २० करोड विनियोजन गरेको छु।

५७. भौगोलिक सम्भाव्यता र तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरुको एकीकृत रुपमा विकास गरी कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायको रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने सोचका साथ संचालनमा रहेको **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**लाई प्रदेश सरकारको निकाय मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु. ४९ करोड ७३ लाख विनियोजन गरेको छु।

५८. आगामी आर्थिक वर्षदेखि किसानलाई शुलभ, सरल कृषि ऋण, विउ विजन, मलखादको उपलव्धता, न्युनतम मुल्य निर्धारण, बजार उपलव्धता र सुनिश्चचताको लागि **मुख्यमन्त्री किसान उत्थान आयोजना** संचालन गरिनेछ । यो कार्यक्रम संचालन गर्न रु.२० करोड विनियोजन गरेको छु।

५९. **कृषिमा अनुदान नभई अभियानले विकास हुन्छ, रकम मात्र होइन प्रोत्साहन पनि चाहिन्छ,** भन्ने अभियान अनुरुप युवा रोजगार लक्षित कृषि व्यवसायिक प्राविधिक सीप अभिवृद्धि गर्न कृषि, पशुपंक्षी, मत्स्य विकास कोष संचालन गरिनेछ । यसका लागि रु. १४ करोड ११ लाख विनियोजन गरेको छु ।

६०. माटोको उर्बराशक्ति कायम राख्न प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ। माटो परीक्षण तथा बाली संरक्षणका लागि Mobile Soil Testing Van र जैविक मल कारखानाको स्थापना गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६१. कृषि उपज भण्डारणका लागि प्रत्येक जिल्लामा चालु आर्थिक वर्षमा निर्माण भइ रहेको शीत भन्डार निरन्तरताको लागि आगामी आर्थिक वर्षमा रु. ४० करोड विनियोजन गरेको छु।

६२. फलफूल तथा तरकारी खेतीको प्रवर्द्धनका लागि पाकेट क्षेत्र र सुपर जोनको अवधारणा विकास गर्दै यी खेतीको प्रवर्द्धन गरिनेछ। सार्वजनिक निजी तथा सहकारीको साझेदारीमा टमाटर क्याचअप तथा फलफुल प्रशोधन उद्योग स्थापनाको लागि रु.१० करोड विनियोजन गरेको छु ।

६३. कृषि क्षेत्रमा तालिमको माध्यमबाट ज्ञान, सिप र क्षमता अभिवृद्धि गरी सामूहिक, सहकारी, कबुलियती र करार खेतीमा युवाहरुलाई प्रोत्साहन गरिनेछ। साथै कृषि सीप सिकेर वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई व्यवसायिक खेती गर्न प्रोत्साहित गरिनेछ।

६४. कृषि उपजहरुको थोक बजार व्यवस्थापनको लागि कृषि बजार पूर्वाधारहरुको निर्माण तथा सञ्चालन गर्न नेपाल सरकार तथा स्थानीय

तहसँग सहकार्य गरिनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

६५. प्रदेश नं.२ मा निजी क्षेत्रको साझेदारीमा पशु आहारको लागि वेल साईलेज उद्योग स्थापना गर्न रु. ५ करोड विनियोजन गरेको छु ।

६६. किसान आन्दोलन (तमसुक फाडा) को उदगम स्थल माधवनारायण नगरपालिका-६ माधोपुर बजार क्षेत्रको विकास र प्रवर्द्धनको लागि रु. १ करोड विनियोजन गरेको छु ।

६७. नीजि सार्वजनिक सहकारीको साझेदारीमा प्राङगारिक तथा जैविक मल कारखाना स्थापना र संचालनका लागि रु. २ करोड विनियोजन गरेको छु ।

## सिंचाई तथा नदी नियन्त्रण

६८. **"खेत-खेतमे पानी, हात-हातमे काम"** भन्ने अभियानलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । विगतदेखि सञ्चालनमा रहेका भूमिगत तथा सतही सिंचाई आयोजनाहरुको मर्मत सम्भारलाई प्राथमिकता दिइने तथा आवश्यकताको आधारमा थप नयाँ सिंचाई आयोजनाहरु संचालन गरिनेछ। प्रदेशका ८ वटै जिल्लामा मझौला सिंचाई प्रणाली तथा अन्य सिचाई आयोजनाहरु संचालन गर्न रु. १ अर्ब ११ करोड विनियोजन गरेको छु।

६९. प्रदेशका ८ वटै जिल्लामा नेपाल सरकार तथा स्थानीय तहसंगको सहकार्यमा सौर्य उर्जा सिंचाई प्रणाली विकास गरिनेछ। यसका लागि नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकमको समेत उपयोग गरिनेछ।

७०. प्रदेशमा नदीजन्य समस्या न्यूनीकरण गर्दै बस्ती, कृषियोग्य जमिन, कूलो, पुल तथा अन्य स्रोत र सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्न



नदी किनारमा तटबन्ध र वृक्षारोपनको माध्यमबाट नदी नियन्त्रण, भूक्षय तथा पहिरो व्यवस्थापनका कार्य सञ्चालन गरिनेछ।

७१. बाग्मती, कमला र औंक्सी लगायतका नदीहरुको नियन्त्रण तथा बाढी पुनर्स्थापनाको लागि रु. ३ करोड विनियोजन गरेको छु।

७२. नेपाल सरकारबाट राष्ट्रिय गौरबका रुपमा घोषणा भएको सुनकोशी मरिन बहुउद्देश्यीय परियोजना तथा सुनकोशी कमला डाईभर्सन को निर्माण सञ्चालन आदि कार्यमा नेपाल सरकारसँग सहकार्य गर्ने प्रवन्ध मिलाईनेछ । यसबाट प्रदेशका जिल्लाहरुमा सिँचाईका लागि पर्याप्त पानी उपलब्ध भई हरित क्रान्ति हुने कुरामा विश्वास लिएकोछु ।

७३. नेपाल सरकारको समपुरक अनुदान तथा प्रदेश सरकारको समेत लागत सहभागितामा जम्मा रु १ अर्ब ८ करोड ९८ लाख ५६ हजार रकमबाट ८ बटै जिल्लाका एक एक पालिकाहरुमा सञ्चालित भूमिगत सिँचाई आयोजनाको लगभग ६० प्रतिशत काम चालु आर्थिक वर्षमा सम्पन्न हुनेछ । प्रगति प्रतिशतका आधारमा आगामी आर्थिक वर्षमा पनि नेपाल सरकारसँग समपुरक अनुदान माग गरी उक्त आयोजनाहरु सम्पन्न गरिनेछ ।

७४. सरकारको ***"एक पालिका एक पोखरी सौन्दर्यीकरण "*** गर्ने योजना रहेको छ । यस योजना अन्तर्गत पोखरीको चौडाई विस्तार गर्ने, पानी जम्मा गर्ने, सिँचाईको रुपमा प्रयोग गर्ने, सौन्दर्यीकरण तथा व्यवसायीकरण गरिनेछ।

## भौतिक पूर्वाधार विकास,

७५. ***"जनता आवास कार्यक्रम "*** अन्तर्गत प्रथम चरणमा डोम, मुसहर, मेहतर र हलखोरको घर निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ। आगामी आर्थिक वर्षमा यो कार्यक्रमलाई अन्य दलित, लोपोन्मुख लगायतको लक्षित वर्गमा समेत पुऱ्याइने छ

। यस कार्यक्रमको निरन्तरताको लागि रु १ अर्व ३८ करोड ७० लाख विनियोजन गरेको छु।

७६. मुख्यमन्त्री दलित/गरिव आवास योजना सञ्चालन गरी आगामी आर्थिक वर्षदेखि प्रदेशभित्र रहेका घरवार विहिन दलित तथा सीमान्तकृत वर्गहरुलाई सुविधायुक्त आवास उपलब्ध गराउन विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७७. प्रदेश भित्रका प्रादेशिक सडक तथा पालिकाहरु जोडने अन्तरपालिका सडकको अवस्थामा सुधार गर्न आगामी आर्थिक बर्षमा रु ७२ करोड विनियोजन गरेको छु।

७८. आगामी आर्थिक बर्षमा प्रदेश भित्र यातायात सेवालाई बाह्रै महिना सहज तुल्याउन प्रदेशका सबै जिल्लाका खोला र खोल्सीहरुमा पुल निर्माणका लागि रु ९ करोड विनियोजन गरेको छु।

७९. २०७५ चैत्र १६ गते बारा र पर्सामा आएको हावाहुरीका कारण घरवारविहीन भएका परिवारको पुनर्स्थापनाको लागि थालिएको आवास कार्यक्रम अन्तर्गत ९०२ घरहरु निर्माण सम्पन्न भई चालु आर्थिक वर्षको आषाढ मसान्त अगावै पिडित परिवारलाई उक्त घरहरु हस्तान्तरण गरिनेछ। संभावित विपदको पूर्वानुमान तथा पूर्व सूचना प्रणाली जडान गरी विपद्को पूर्व तयारी, खोज, उद्धार, राहत र पूनर्स्थापनामा सवै संयन्त्र परिचालन गरिनेछ।

८०. भौतिक पूर्वाधार विकासका लागि प्रदेशले रु १ करोडभन्दा घटीका कार्यक्रमहरुमा बजेट विनियोजन नगर्ने नीति अंगिकार गरेको छ। यसबाट सार्वजनिक कार्यको लागत प्रभावकारिता र गुणस्तरमा अभिबृद्धि हुने र हाल निर्माण कार्यमा भईरहेको विसंगतिको अन्त हुने विश्वास लिएको छु।

८१. आगामी आर्थिक वर्षमा प्रदेशस्तरीय खरीद कानुनको तर्जुमा गरिनेछ र प्रदेशभित्र हुने जुनसुकै निर्माण, खरीद तथा सेवा प्रासि जस्ता



कार्यहरुलाई बढी प्रतिस्पर्धी, पारदर्शी र कानुनसम्मत बनाई सार्वजनिक श्रोत र साधनको कुशलता, दक्षता, मितव्ययीता र प्रभावकारिता बढाउन यो कानुन कोशेढुंगा सावित हुने कुरामा विश्वास लिएकोछु। सबै सरोकारवालाहरुको व्यापक सहभागिता तथा अन्तरक्रिया यस कानुनको मस्यौदा तयार गरी प्रदेश सभा समक्ष पेश गरिनेछ।

८२. आगामी आर्थिक बर्षमा निजी साझेदारी कार्यक्रम अन्तर्गत आठवटै जिल्लामा २५ मेगावाटको दरले २०० मेगावाट सौर्यउर्जा प्लान्ट निर्माण कार्यको थालनी गरिनेछ । सौर्य उर्जासम्बन्धी पावर प्लान्ट स्थापनामा साना, मझौला तथा मध्यमखालका विद्युतीकरणलाई बिशेष महत्व दिइने छ । यसका लागि अध्ययन गर्न रु. १ करोड विनियोजन गरेको छु ।

८३. उर्जाको पहुँच कम भएको प्रदेशका रुपमा परिचित भए पनि यस प्रदेशलाई नेपाल सरकारको समेत सहकार्यमा अँध्यारोमुक्त प्रदेश घोषणा गरिनेछ । यसका लागि दुई ठूला सौर्य उर्जाका आयोजनाहरुको विकास गर्दै जैविक तथा वायु लगायतका नवीकरणीय उर्जाको उपयोग गरिनेछ ।

८४. नविकरणीय उर्जाको वहुउपयोगी प्रविधिहरुको प्रवर्धन गरिनेछ । खाना पकाउन प्रयोग हुने गुईठाको प्रयोगलाई प्रतिस्थापन गरिनेछ । यसका लागि प्रदेश स्वच्छ उर्जा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

८५. सबै जिल्लाको सन्तुलित विकास गर्ने प्रदेश सरकारको नीति अनुरुप प्रत्येक जिल्लामा विकास निर्माणको कार्यलाई तिव्रता दिन एक जिल्ला, एक प्रादेशिक नमुना परियोजना स्थापना गरिनेछ।

८६. काठमाण्डौ उपत्यकाभित्र प्रदेश पहिचान झल्किने गरी मुख्यमन्त्रीको सम्पर्क कार्यालय समेत रहने प्रदेश भवनको निर्माण सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

८७. प्रदेशमा दुई हजार व्यक्ति क्षमताको सम्मेलन केन्द्र निर्माण गर्न धनुषाको जनकपुरधाममा आवश्यक विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ ।यस कार्यका आवश्यक बजेट विनियोजन गरेको छु ।

८८. सप्तरीदेखि पर्सासम्म २५० किलोमिटर लम्बाई भएको प्रादेशिक राजमार्गलाई मधेशी शहिद राजमार्ग घोषणा गरिनेछ । यसको सम्भाव्यता अध्ययनको लागि रु. ३ करोड विनियोजन गरेको छु ।

८९. प्रदेश सरकारको प्रदेश साझा परिवहन सेवा सञ्चालन गर्ने नीति अनुरुप पहिलो चरणमा विरगंज-जनकपुर तथा जनकपुर-राजविराज बस सेवा संचालनका लागि ४ वटा बस खरिद गरी क्रमशः प्रदेश भरी विस्तार गरिने छ।यसका लागि रु. ६ करोड विनियोजन गरेको छु।

९०. प्रत्येक जिल्ला सदरमुकाममा निर्माणाधिन दलित छात्रावास र जेष्ठ नागरिक आवास कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ। यसका लागि रु. १ करोड ५ लाख विनियोजन गरेको छु।

९१. प्रमुख शहरहरुको आसपासमा सेटेलाईट शहरहरु निर्माण गर्ने कार्य अनुरुप चालु आर्थिक वर्षमा विभिन्न शहरहरुको सम्भाव्यता अध्ययन गरी सेटेलाईट शहर निर्माण कार्यको थालनी गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## <u>उद्योग, वाणिज्य र पर्यटन</u>

९२. आगामी आर्थिक वर्षमा उद्योगको विकासका लागि आवश्यक नीतिगत, कानूनी र संरचनात्मक प्रवन्ध मिलाइनेछ। निजी क्षेत्रको समेत लागत सहभागितामा औद्योगिक क्षेत्रहरुको स्थापना र विकास गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।



९३. प्रदेशमा उद्योग क्षेत्रको विकास गर्न इनर्वा, जनकपुर देखि वर्दिवाससम्मको रेलमार्गको आसपास तथा अन्य औद्योगिक करिडोर स्थापनाको लागि सम्भाव्यता अध्ययन गराइने छ। यसका लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

९४. गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र सुधारका लागि आगामी आर्थिक बर्षमा रु ५ करोड विनियोजन गरेको छु।

९५. परम्परागत सीप र कौशलताको महत्तम उपयोग गर्न घरेलु तथा कुटिर उद्योग संरक्षण र सम्बर्द्धन गर्दै महिला, दलित तथा विपन्न वर्ग लगायत यसमा आवद्ध जनताको जीवनस्तर परिवर्तनको माध्यमको रुपमा विकास गर्न आवश्यक रकम व्यवस्था गरेको छु।

९६. प्रदेशका ग्रामिण भेगका बासिन्दाहरुलाई रोजगारीको अवसर प्रदान गरी आय आर्जन र जीवनस्तरमा सुधार गर्न प्रत्येक जिल्लामा कम्तिमा **'एक जिल्ला, एक औद्योगिक ग्राम'** स्थापना गर्ने कार्यको थालनी गरिनेछ। यसका लागि रु. ८० लाख रकम विनियोजन गरेको छु।

९७. जनकपुर जयनगर रेलवे सेवा सञ्चालन पछि यसै संग आवद्ध गरी यस क्षेत्रलाई औधौगिकिरणको हवको रुपमा विकास गर्न औधोगिकरणको कच्चा पदार्थहरुको ढुवानी तथा जाँचपासमा सहजता ल्याई व्यापार सहजीकरण गर्न Bulk Cargo Freight Terminal स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्न रु.२५ लाख विनियोजन गरेको छु।

९८. भाषा, संस्कृति, धार्मिक रीतिरिवाज, मेला पर्व, जात्रा, जातीय पहिचान एवं प्राकृतिक वरदान यस प्रदेशका पर्यटन प्रवर्द्धनका आधारहरु हुन्। पौराणिक काल देखिको मिथिला र भोजपुरा संस्कृति र

परम्परा, धार्मिक आस्थाका धरोहरहरु, धर्म र आफ्नो सभ्यता र संस्कारलाई हजारौ वर्ष सम्म निरन्तरता दिदैं आएका जनता नै पर्यटन विकासका मूल स्रोत हुन्। पर्यटनलाई प्रदेश विकासको स्तम्भको रुपमा अगाडी बढाउन आवश्यक संस्थागत व्यवस्था गरिनेछ। प्रदेशका प्रत्येक जिल्लामा हाम्रो धार्मिक आस्था र परम्पराको धरोहरको रुपमा रहेका मठ मन्दिर, मस्जिद, गुम्बाहरुको संरक्षण र सम्बर्द्धन गर्न रु ४० करोड विनियोजन गरेको छु।

९९. भारतीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथको विगतमा भएको जनकपुर भ्रमणले यस प्रदेशको धार्मिक पर्यटन प्रवर्द्धनको लागि सम्भावनाको द्वार खोलेको छ। यसको अधिकतम लाभ लिन रामजानकीको पद चिन्ह भएका प्रमुख स्थानहरुलाई रामायण सर्किट अन्तर्गत विकास गर्न आगामी आर्थिक वर्ष देखि नै कार्यक्रमको थालनी गरिनेछ। यसका लागि रु ४० लाख विनियोजन गरेको छु।

१००. विश्वको दुर्लभ अर्ना संरक्षण क्षेत्रको रुपमा रहेको कोशी टप्पु वन्यजन्तु आरक्ष, पर्सा राष्ट्रिय निकुञ्ज, यस प्रदेशको उत्तरी क्षेत्रमा रहेको चुरे पर्वत श्रृंखला एवं प्राकृतिक वनका हब बन्न सक्ने क्षेत्रहरुलाई आकर्षक पर्यटकीय गन्तव्य तथा पर्या पर्यटनको रुपमा विकास गर्न संभाव्यता अध्ययन लगायत पर्यटन उद्योगमा लगानी गर्नको लागि पर्यटन व्यवसायी र होटेल व्यवसायीसंग वित्तीय र गैर-वित्तीय सहकार्य गरिनेछ। यसका लागि रु. २ करोड विनियोजन गरेको छु।



१०१. यस प्रदेशको ग्रामीण जीवन र संस्कार बाह्य जगतको लागि जिज्ञासा, कौतुहलताको विषय भएकोले सबै जातजाती, भाषा-संस्कृति, रीतिरिवाज तथा परम्पराको अध्ययन र अनुभव गर्न होमस्टेमा आधारित सामुदायीक र ग्रामीण पर्यटन प्रबर्द्धनको लागि आवश्यक टेवा पुर्याइनेछ। यसका लागि रु. १ करोड विनियोजन गरेको छु ।

१०२. सप्तरीको कंकालनी देखि बाराको महागढीमाई सम्मका धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरुलाई जोडेर प्रदेश पर्यटकीय रुट तथा सर्किटको लागि आवश्यक पर्ने पूर्वाधार विकासको थालनी गरिनेछ। साना पर्यटिक सुधार कार्यक्रमका लागि रु ८ करोड विनियोजन गरेको छु।

१०३. प्रदेश भित्रका धार्मिक पर्यटनको व्यवसायिकरण गर्न धार्मिक स्थलहरुको सौन्दर्यीकरण गर्ने कार्य अन्तर्गत आगामी आर्थिक वर्षमा रामायण तथा मिथिला संस्कृति झल्किने गरी जनकपुरको जानकी मन्दिर तथा विवाह मण्डप र गंगासागरको सौन्दर्यीकरण गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१०४. धनुषा जिल्लाको जनकपुरधामको दुधमति नदीदेखि महेन्द्रनगरसम्मको सडकलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय करिडोरको रुपमा विकास गर्नका लागि धार्मिक, सांस्कृतिक र पर्यटकीय पहिचान झल्किने गरी ठाउँ-ठाउँमा आवश्यक संरचनाहरुको निर्माण गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## वन तथा वातावरण

१०५. **'चुरे जोगाउँ, मधेश बचाउँ'** भन्ने नारालाई सार्थक बनाउन आगामी आर्थिक वर्षमा चुरे संरक्षणको नीति तर्जुमा गरिने छ। यस अन्तर्गत चुरे क्षेत्रको प्राकृतिक श्रोत माथि भइ रहेको दोहन, अनियन्त्रित बसोबास, भु-क्षय, बाढी पहिरो, जलस्तरमा आएको कमि, नदीको सतहमा वार्षिक रुपमा भइ रहेको अप्रत्यासित उकास र मरुभूमिकरण जस्ता विपतीहरुको समुचित व्यवस्थापन गरिने छ। चुरे क्षेत्रको बहुउद्देश्यीय उपयोग गर्नका लागि यस क्षेत्रलाई पानी पुनर्भरण क्षेत्रको रुपमा विकास गरिने छ।यसका लागि रु.५ करोड विनियोजन गरेको छु।

१०६. वन क्षेत्रको विकास तथा जलाधार संरक्षण व्यवस्थापनका लागि नेपाल सरकारसंगको सहकार्यमा प्रदेश सरकारका निकायहरुबाट कार्यान्वयन हुने गरी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। यसका लागि रु. १२ करोड ९५ लाख विनियोजन गरेको छु।

१०७. वातावरण संरक्षणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरी पर्यावरणीय सन्तुलन कायम गर्दै दिगो विकासको अवधारणालाई मूर्तरुप दिन रु. १ करोड ४७ लाख विनियोजन गरेको छु।

१०८. दिगो विकासको लक्ष्य हासिल गर्न वन, वन्यजन्तु तथा सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्न चालु आर्थिक वर्षमा संचालित वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइएको छु। सिमसार क्षेत्र संरक्षण तथा प्रवर्द्धन गर्नका लागि रु १० करोड विनियोजन गरेको छु।



## प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम

१०९. विगत वर्षहरुबाट नै कार्यान्वयनमा रहेको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छु। यसका लागि जम्मा रु. २ अर्ब ३५ करोड विनियोजन गरेको छु।

११०. प्रदेश सभाका निर्वाचित सदस्यको संयोजकत्वमा त्यस निर्वाचन क्षेत्रका प्रदेश सभाका सदस्यहरु रहेको समितिबाट स्थानीय तहका प्रमुखहरु समेतको समन्वयमा आयोजना छनौट तथा कार्यान्वयन गर्ने गरी प्रत्येक निर्वाचन क्षेत्रका लागि रु. २ करोड विनियोजन गरेको छु।

१११. प्रदेश सभाका सम्पूर्ण सदस्यहरुले आवश्यकता अनुसारका आयोजना छनौट गरी कार्यन्वयन गर्न प्रति सदस्य रु. १ करोड विनियोजन गरेको छु। यसबाट प्रदेश सरकारलाई आगामी आर्थिक वर्षमा रु. १ अर्ब १७ करोड ५० लाख थप व्यय भार बढ्ने अनुमान पेश गरेको छु।

## सुशासन, संघीयता कार्यान्वयन र सार्वजनिक सेवा प्रवाह

११२. चालु आर्थिक वर्षमा प्रदेश सरकारद्वारा संघीयता कार्यान्वयन र प्रादेशीक स्वायत्तता कायम गर्न प्रदेश प्रहरी ऐन, करारमा कर्मचारी भर्ना सम्बन्धी ऐन, प्रदेश लोकसेवा विधेयक, प्रदेश प्रशासन विधेयक तथा प्रदेश निजामती सेवा विधेयकहरु सदन समक्ष ल्याइसकेको र यससँग सम्बन्धित बाँकी कानुनहरु समेत तर्जुमा गरी यस सम्मानित सभा समक्ष पेश गरिनेछ।

११३. सार्वजनिक सेवा प्रवाहको कार्य संस्कृतिमा आमूल परिवर्तन गरी सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखी सबै क्षेत्रमा सदाचार पद्धति

अवलम्वन गरिनेछ। भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अपनाइनेछ।

११४. एकीकृत प्रादेशिक सेवा केन्द्रहरु स्थापना गरी स्थानीय तहको समेत सहकार्यमा जनताहरुलाई उपलब्ध गराइने सेवा सुविधालाई बढि भरपर्दो र विश्वसनीय बनाउदै हाल कार्यान्वयनमा रहेको **आपके सरकार, आपके द्वार** भन्ने अभियानलाई निरन्तरता दिएको छु।

११५. प्रदेश सरकारबाट हुने सार्वजनिक निर्माण तथा प्रवाह हुने सेवाको गुणस्तरमा अभिवृद्धि गर्न त्यस्ता कार्यहरुको निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि मन्त्रालय स्तरमा आन्तरिक अनुगमनको व्यवस्था मिलाउनुका साथै प्रदेश नीति आयोगको भूमिकालाई प्रभावकारी बनाउन प्रदेश अनुगमन तथा मूल्यांकन निर्देशिकाको तर्जुमा गरी यथाशीघ्र कार्यान्वयनमा ल्याइनेछ।

११६. सार्वजनिक सेवाहरुमा हुने ढिलासुस्ती, लापर्वाही र अनियमितताका सम्बन्धमा जनताका गुनासो सुनुवाइका लागि जनतासंग प्रदेश सरकारको प्रत्यक्ष सम्पर्क कायम गर्न ***"जनतासंग मुख्यमन्त्री"*** कार्यक्रम संचालन गरिनेछ। यसका लागि रु. १२ लाख विनियोजन गरेको छु।

११७. स्थानीय तह तथा प्रदेश सरकारका लागि आवश्यक प्रहरी तथा निजामती कर्मचारीहरुको भर्ना, छनौट र पदपूर्तिका लागि लोकसेवा आयोगको स्थापना गरिनेछ। यसबाट योग्यता प्रणालीको अवलम्वन गर्दै योग्य, सक्षम जनशक्ति तयार भई संघीयताको सफल कार्यान्वयनमा टेवा पुग्ने विश्वास लिएको छु। यसका लागि रु.२ करोड विनियोजन गरेको छु।

११८. **"प्रदेश प्रशासनिक पूर्नसंरचना आयोग"** को प्रतिवेदन बमोजिम आवश्यक सांगठनिक संरचनाको निर्माण र मौजुदा तथा रिक्त दरबन्दीको यकिन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ।



११९. विद्युतीय सुशासनका माध्यमबाट स्वच्छ प्रशासन प्रवर्द्धन गर्न सेवाको प्रभावकारी वितरण, पारदर्शिता तथा उत्तरदायित्व, बजेटको कार्यान्वयन, लेखांकन र प्रतिवेदन, सार्वजनिक अनुगमन, लेखा परीक्षण लगायतका विषयमा वित्तीय अनुशासन कायम गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढवा दिइनेछ।

१२०. यस प्रदेशका बासिन्दाहरुको न्यायमा पहुँच अभिवृद्दि गर्दै न्यायपूर्ण समाज निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेशका ८ वटै जिल्लाका न्यायिक समितिका पदाधिकारिहरु सँग छलफल, क्षमता अभिवृद्दि र सहयोग कार्यक्रमका साथै महिला अधिकार तथा बाल अधिकार सम्बन्धि विशेष सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

## राष्ट्रसेवक

१२१. राष्ट्रसेवक कर्मचारीहरुलाई सेवाप्रति जिम्मेवार र जवाफदेही बनाई समयमै काम सम्पन्न गर्ने, अपेक्षित नतिजा दिने र सेवाभावमूलक संस्कृतिको विकास गरिनेछ। कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

१२२. प्रदेश सरकारको विनियोजनबाट पारिश्रमिक प्राप्त गर्ने सवै राष्ट्रसेवक कर्मचारीको शुरु तलबमानमा संघीय सरकारले आगामी वर्ष २०७६ साउन १ देखि लागू हुने गरी वृद्धि गरेको तलब भत्ता लगायतका सुविधालाई प्रदेशमा समेत लागू गरिनेछ। प्रदेशमा काम गर्ने राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राखि कार्य उत्प्रेरणा बढाउन तथा आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न थप एक महिनाको तलब अतिरिक्त पारिश्रमिकको रुपमा प्रदान गर्ने व्यवस्था मिलाएको छु।

यसबाट सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी हुने अपेक्षा गरेको छु।

१२३. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थाको योजना प्रस्तुत गर्न अनुमति चाहन्छु।

१२४. आर्थिक बर्ष २०७६/७७ को आर्थिक विधेयक, २०७६ तथा विनियोजन विधेयक २०७६, यसै साथ संलग्न छ। बजेटको अभिन्न अङ्गको रुपमा रहने मध्यकालीन खर्च संरचना यसैसाथ प्रस्तुत गरेको छु।

१२५. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु खर्च तर्फ रु. १९ अर्ब २६ करोड १ लाख ९७ हजार अर्थात ४९.७३ प्रतिशत, पूँजीगत तर्फ रु. १९ अर्ब २६ करोड ५४ लाख ६४ हजार अर्थात ४९.७५ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु २० करोड अर्थात ०.५२ प्रतिशत रहेको छ।

१२६. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक स्रोतबाट रु १३ अर्ब ५४ करोड ३१ लाख ६९ हजार नेपाल सरकारबाट प्राप्त हुने विभिन्न अनुदानबाट रु.१६ अर्ब १७ करोड ७४ लाख तथा चालु आ.ब. को विनियोजनबाट बचत हुने नगद मौज्दात रु ७ अर्ब ७० करोड ५० लाख ९२ हजार गरी जम्मा रु. ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजार व्यहोर्दा रु. १ अर्ब ३० करोड न्यून हुने देखिन्छ। सो न्यून पूर्ति गर्न आगामी आर्थिक वर्षमा आन्तरिक ऋण परिचालन गरिनेछ।



१२७. नेपालको संविधानमा प्रदेशको एकल तथा साझा अधिकारको सूचिमा रहेको राजस्व परिचालनको अधिकार कार्यान्वयनका लागि आवश्यक कानुनहरु तर्जुमा गरी लागु गरिनेछ।

१२८. यातायात व्यवस्था कार्यालयहरुको संस्थागत क्षमतालाई प्रभावकारी बनाइनेछ। अन्य प्रशासनिक सुधारका माध्यमबाट सवारी करको संकलनलाई भरपर्दो बनाउदै समयमै प्रदेश सञ्चित कोषमा कर रकम जम्मा हुने आवश्यक प्रक्रियागत व्यवस्था मिलाइनेछ। प्रदेशस्तरबाट स्मार्ट सवारी चालक अनुमति पत्र वितरण गर्न उक्त कार्यालयहरु सक्षम हुने विश्वास लिएको छु।

१२९. घरजग्गा रजिष्ट्रेशन दस्तुर सम्बन्धमा भएको विद्यमान नीतिगत व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरोकारवाला पक्षहरुसंग समन्वय, सहकार्य गरी उचित कार्य वातावरण निर्माण गरिनेछ। आफूले संकलन गरेको घरजग्गा रजिष्ट्रेशन शुल्क बापतको रकमबाट हाल रु. ६ लाख प्राप्त गरिरहेका भूमिसुधार तथा मालपोत कार्यालयहरुले अब उप्रान्त रु. १० लाख रकम प्राप्त गर्ने व्यवस्था मिलाएको छु।

१३०. स्थानीय तहहरु तथा सरोकारवालासँग समन्वय गरी राजस्वको वर्तमान दरहरुको पुनरावलोकन गरिनेछ।

१३१. कृषि क्षेत्रको हालको अवस्थालाई मध्यनजर गर्दै कृषिमा आयकर नलाग्ने व्यवस्था गरेको छु।

**माननीय सभामुख महोदय,**

१३२. आर्थिक वर्ष २०७४/०७५ को यथार्थ खर्च, आर्थिक वर्ष २०७५/०७६ को संशोधित अनुमान र आर्थिक वर्ष २०७६/७७ को अनुमानित आयव्ययको विवरण अनुसूचिमा उल्लेख गरेको छु ।

१३३. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट साधन स्रोतको उच्चतम प्रयोग हुने नागरिकको जीवनस्तरमा सुधार आउने, दिगो आर्थिक विकासमा सहयोग पुग्ने, सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि भई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

१३४. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने माननीय प्रदेश प्रमुख माननीय मुख्यमन्त्री, माननीय सभामुख, माननीय मन्त्रीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। बजेटको सिद्धान्त र प्राथमिकतामा छलफल गरि प्रदेश सभाका माननीय सदस्यहरुले दिनुभएका सुझावका लागि म आभरी छु। बजेट तर्जुमामा सुझाव दिनु हुने राजनैतिक दलका शीर्ष नेता, अर्थविद, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, प्रेस, स्थानीय जनप्रतिनिधी तथा पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारी, करदाता र विदेशमा रहनुभएका नेपाली समुदाय सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

१३५. अन्त्यमा, आगामी वर्षको यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग पाउने विश्वास व्यक्त गर्दछु।

धन्यवाद ।



## आय व्ययको विवरण

अनुसूची -१

### आर्थिक बर्ष २०७६/७७

(रू.हजारमा )

| शीर्षक | २०७४/७५ को यथार्थ | २०७५/७६ को संशोधित अनुमान | २०७६/७७ को अनुमान | स्रोत: प्रदेश सरकार | अन्य स्रोत: संघ अनुदान | अन्य स्रोत: वैदेशिक |
